म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३२३ शुक्रबार, २० असार २०८२ ने. सं. ११४५ दिल्लाथ्व 4 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भीमफेदीमा किवीखेतीको अनुगमन

हेटौँडा, १९ असार/मकवानपुरको भीमफेदी गाउँपालिकामा किवीखेतीको अनुगमन गरिएको छ । 'एक वडा, एक कृषिउत्पादन कार्यक्रम' अन्तर्गत भीमफेदी गाउँपालिका वडा नम्बर ५, सुपिङमा किवीखेतीको अनुगमन गरिएको हो ।

भीमफेदी गाउँपालिका, सृजनशील किवी कृषक समूह, भीमफेदी-५, मकवानपुर र कृषि विकास कार्यालय चितवनको संयुक्त आयोजनामा अनुगमन गरिएको हो । यसक्रममा ५ नम्बर वडाका १५ जना कृषकलाई किवीको विरुवा, किवीलाई चाहिने सिमेन्टको पोल, फलामको पाइप, हाते ट्याक्टरलगायतको कृषिसामग्री हस्तान्तरण गरिएको थियो ।

सामग्री हस्तान्तरण एवम् अनुगमन टोलीमा कृषि विकास कार्यालय चितवनका प्रमुख झलकनाथ कँडेल, भीमफेदी गाँपालिका कृषिप्राविधिक उज्वल रानामगर, आर्थिक विकास समिति संयोजक एवम् २ नम्बर वडाध्यक्ष काशीराम बज्यु, ५ नम्बर वडाध्यक्ष जाहार सिं लामालगायतको सहभागिता रहेको थियो ।

### ८ बुँदे सहमतिपछि बागमती प्रदेशसभा बैठक सुरु, राप्रपाको बहिष्कार

# प्रतिपक्षको टिप्पणी: सरकारले आय/व्ययको अनुमान गर्नै सकेन

साझाकुरा संवाददाता

हेटौँडा, १९ असार/ बजेटमा भएको असहमतिको कारण पटकपटक सूचना टाँस गर्दै स्थगित भएको बागमती प्रदेशसभा बैठक बिहिबारदेखि सुरु भएको छ ।

पछिल्लोपटक बिहीबार साँझ ५ बजेका लागि सारिएको बैठक साँझ ६:४५ बजे सुरु भएको थियो । दलहरुबीच बजेट माथिको छलफल प्रारम्भ गर्ने ८ बुँदे सहमति भएसँगै प्रदेशसभा बैठक सुरु भएको हो । बैठक सुरु भएलगत्तै राप्रपाका संसदीय दलका नेता उद्धव थापाले आफ्नो धारणा राख्दै बजेटका त्रुटी नसमेटिएसम्म बैठकमा सहभागी नहुने भन्दै बाहिरिएका थिए । बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले मध्यकालीन खर्च व्यवस्थापन प्रस्ताव पेस गरेका थिए ।

त्यसपछि समय लिएर बोलेका प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)का संसदीय दलका नेता शालिकराम जम्कट्टेलले बजेटबारे धारणा राखेका थिए । नेता जम्कट्टेलले बागमती प्रदेश सरकारको बजेटबाट सम्पूर्ण प्रदेशसभा सदस्यहरु शीर निहुरिएको बताए । बजेटबारे बाहिर प्रकट असन्तुष्टिको जवाफ दिन नसक्ने स्थितिमा रहेको उनले बताए । सरकारको नेतृत्व गरिरहेको दल नेपाली कांग्रेसको केन्द्रीय कमिटी बैठकमा बजेटबारे कुरा उठ्नु राम्रो नभएको उनको भनाई छ ।

नेता जम्कट्टेलले बजेटमाथि छलफल गर्ने आधार नै नभएको बताए । सरकारले घाटा बजेट ल्याएको उनको भनाई छ । दुई ठुला दल मिलेर बनेको सरकारले दिनको १ बजेको लागि भनिएको बजेट रातको ९ बजे किन प्रस्तुत गर्नुपर्‍यो ? भन्दै प्रश्न गरे । बिहानीले दिनको संकेत गर्छ भन्दै नेता जम्कट्टेलले असार १ गतेको घटनाबाट सरकारको स्थिति स्पष्ट भएको बताए । निषेधात्मक ढंगले प्रतिपक्षीसँग सल्लाह, सुझाव नै नलिई सरकारले बजेट ल्याएको उनले बताए ।

संसदीय मूल्य मान्यतालाई नै उल्लङ्घन गर्ने काम सरकारले गरेको उनले आरोप लगाए । नेता जम्कट्टेलले घाटा बजेटबाट प्रदेश समृद्ध नहुने बताए । स्रोतको अनुमान नगरीकन नै सरकारले बजेट ल्याएको उनले बताए । सरकारले ठीक ढंगले आय र व्ययको अनुमान नै गर्न नसकेको नेता जम्कट्टेलले बताए । नेता जम्कट्टेलले बजेटमा सैद्धान्तिक र नीतिगत विचलन भएको बताए । दलित, चेपाङलगायत सीमान्तकृत समुदायको कार्यक्रमको लागि बजेट कटौती गरेकोमा उनले असन्तुष्टि जनाए ।




सरकारको बजेटले कसलाई प्रश्रय दिने काम गरेको छ ? भन्दै नेता जम्कट्टेलले प्रश्न गरे । स्वास्थ्यक्षेत्रमा विनियोजन भएको बजेटले प्रादेशिक अस्पतालको स्तरोन्नति गर्न नसकिने उनले बताए ।

अहिलेको बजेटमा क्षेत्रगत असन्तुलन धेरै रहेको उनले बताए । नेता जम्कट्टेलले सरकारको रबैयाका कारण व्यवस्थामाथि नै प्रश्नचिन्ह खडा भएको बताए । सरकारले बजेटमा अस्वाभाविक ढंगबाट हस्तक्षेप गर्दा व्यवस्था माथि नै समस्या भएको उनले बताए । सरकारले यो विषयमा स्पष्ट धारणासहित बजेटका त्रुटी सच्याउनु पर्ने माग गरे ।

मुख्यमन्त्री बहादुरसिंह लामाले सरकारले कमीकमजोरी सच्याएर अघि बढ्ने गरी प्रतिपक्ष दलहरुको सुझाव ग्रहण गरेको बताए । प्रतिपक्ष दलहरुको सुझावका आधारमा सरकार आवश्यक सुधारका काम गरेर अघि बढ्ने प्रतिबद्धता मुख्यमन्त्री लामाले जनाए । उनले संविधान र व्यवस्थाप्रतिको सबै दलहरु एकजुट हुन जरुरी रहेको बताए । त्यसलगत्तै प्रदेशसभा बैठक शुक्रबार बिहान ११ बजे बस्ने गरी स्थगित भएको छ ।

### दलहरूबीच भएको ८ बुँदे सहमति

बागमती प्रदेशसभा सञ्चालनको विषयमा दलहरुबीच ८ बुँदे सहमति भएको छ । बागमती सरकार र प्रदेशसभामा प्रतिनिधित्व गर्ने ६ राजनीतिक दलहरुबीच बजेटमाथिको छलफल प्रारम्भ गर्न संसद् चलाउने विषयमा बिहीबार ८ बुँदे सहमति भएको हो ।

सभामुख भुवनकुमार पाठकको अगुवाइमा मुख्यमन्त्री बहादुरसिंह लामाको उपस्थितिमा बिहीबार बिहानदेखि बसेको सर्वदलीय बैठकले सहमति गरेको हो । बजेटमा भएका नीतिगत त्रुटिहरु सच्याउने, अपारदर्शी र अनधिकृत कार्यक्रम हटाउने तथा आगामी बजेट निर्माण प्रक्रियामा सबै दललाई सहभागी गराउने दलहरुबीच सहमति भएको हो । प्रदेशको बजेट प्रक्रिया सुधार गर्नु, नीति निर्माणमा राजनीतिक दलहरुको सहभागिता सुनिश्चित गर्नु र स्रोतको न्यायोचित प्रयोग गराउनु पर्ने सहमतिपत्रमा उल्लेख गरिएको छ ।


प्रदेशसभामा पेश भएको विनियोजन विधेयकमा नीतिगतरुपमा देखिएका कमजोरीलाई आवश्यक संशोधन गरी अगाडि बढ्ने सहमति भएको छ भने आलोचना भइरहेको बजेटको बुँदागत वितरणमा सुधार ल्याउने सरकारको प्रतिबद्धता रहेको छ ।


सहमतिअनुसार बहुवर्षीय आयोजनामा अपुग रकम व्यवस्थापन गरी कार्यान्वयनमा लैजाने, गैर सरकारी निकायलाई दिइने अनुदान कटौती गर्ने, नामै उल्लेख गरिएका संस्थाका कार्यक्रम कार्यान्वयन नगर्ने, विषयगत मन्त्रालयअनुसार कार्यक्रम कार्यान्वयन गर्ने, अनधिकृत आयोजना छानबीनपछि मात्रै कार्यान्वयन, नीतिगत सुधारका लागि संकल्प प्रस्ताव अघि बढाउने र आगामी बजेट निर्माणमा दलहरुसँग परामर्श, छलफल र सहकार्य गरी नीति तय गर्ने भएको हो ।

### बजेट विनियोजन र सरकारको संरचनागत सुधारका लागि संकल्प प्रस्ताव दर्ता

बागमती प्रदेशसभामा बजेट विनियोजन र सरकारको संरचनागत सुधारका लागि बिहीबार संकल्प प्रस्ताव दर्ता गरिएको छ । बजेटसम्बन्धी विवाद उत्कर्षमा पुगेकाबखत सत्तारुढ दलका सांसदहरुले बजेट प्रणाली, सरकारी संरचना र प्रशासनिक व्यवस्थापनमा सुधारको माग सहित संकल्प प्रस्ताव प्रदेशसभा सचिवालयमा दर्ता गरेका हुन् ।

नेपाली कांग्रेस र नेकपा एमालेका २/२ जना सांसदले दर्ता गरेको प्रस्तावले सरकारको बजेट निर्माण प्रक्रिया, मन्त्रालयको संख्या, आयोग तथा बोर्डहरुको औचित्य, प्रशासनिक संरचना तथा योजनातर्जुमा प्रक्रिया सुधारका लागि संकल्प प्रस्ताव दर्ता गराएका हुन् । उनीहरुले प्रदेशको हालको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै सुधारको माग गरेका हुन् । कांग्रेसबाट प्रभात तामाङ र रमेशकुमार महत तथा एमालेबाट केशवप्रसाद पोखरेल र मधुसूदन पौडेलले संकल्प प्रस्ताव दर्ता गरेका हुन् ।



साझाकुरा

## हाम्रो कुरा

# नेपाललाई हरित जलवायु कोष

नेपाल जैबिकिबिबिधताका लागि संसारमै धनी देश मानिन्छ । यहाँको प्राकृतिक सौन्दर्यले संसारभरका पर्यटकलाई आकर्षित गरेको छ । नेपालको हिमताल जोखिममा रहेका कारण संसारको ध्यान यसतर्फ आकर्षित भएको छ । हिमताल विस्फोटबाट हुनसक्ने क्षती कम गर्ने कार्यका लागि नेपालले हरित जलवायु कोषबाट ५ अर्ब नेपाली रुपैयाँ बराबरको अनुदान प्राप्त गरेको छ । हिमताल संरक्षणको क्षेत्रमा नेपालले प्राप्त गरेको यो रकम हरित जलवायु कोषले उपलब्ध गराएको पहिलो र सबैभन्दा ठूलो सहयोग हो । युएनडिपीको सहयोगमा जल तथा मौसम विज्ञान विभाग र उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयमार्फत प्रशतावित परियोजनालाई पपुवान्युगिनीमा बसेको हरित जलवायु कोषको बोर्ड बैठकले स्वीकृत गरेको हो । हिमताल विस्फोटबाट हुने क्षतिलाई न्युनीकरण गर्ने कार्यका लागि बोर्डले ३६ दशमलव १ मिलियन अमेरिकी डलर (झन्डै ५ अर्ब नेपाली रुपैयाँ) को १५ वर्षे परियोजना स्वीकृत गरेको छ ।

यो परियोजनामा पहिलोचरणको ७ वर्ष हरित जलवायु कोषले उपलब्ध गराएको अनुदानबाट कार्यक्रम सञ्चालन हुनेछ । दोस्रोचरणको ८ वर्ष नेपाल सरकारले अन्य निकायसँगको सहलगानीमा परियोजना अघि बढाउनुपर्नेछ । पछिल्लो ८ वर्षमा करिव १३ दशमलब ९ मिलियन अमेरिकी डलर (करिव २ अर्ब नेपाली रुपैयाँ) बराबरको कार्य गरिने अनुमान गरिएको छ । यसबाहेक परियोजनाले समेटेका स्थानीय सरकारसहित अन्य सम्वद्ध विभाग, निकाय तथा मन्त्रालयले पनि समानान्तर आर्थिक दायित्व लिनेछन् । संयुक्त राष्ट्रसंघले सन् २०२५ लाई हिमनदी संरक्षणका लागि अन्तर्राष्ट्रिय वर्षको रुपमा मनाउँदै गर्दा नेपालले हिमताल संरक्षणका लागि हरित जलवायु कोषको अनुदान पाएको हो । परियोजनाको नेतृत्व गर्ने मन्त्रालय उर्जा जलस्रोत तथा सिंचाई सचिवालयले सरोकारवाला निकाय र विकास साझेदार युएनडिपिको निरन्तरको सहयोग र सहकार्यपछि प्रोजेक्ट स्वीकृत भएकोमा सबैलाई धन्यवाद दिएको छ । छोरोल्पा र इम्जा हिमताल संरक्षणमा प्राप्त गरेको सफलता पछि ४ वटा ताल संरक्षणमा अनुदान प्राप्त भएको उल्लेख गरिएको छ । अन्य तालको संरक्षणमा पनि मन्त्रालयले काम गर्दै जाने प्रतिवद्धता व्यक्त गरिएको छ । युएनडीपी र जल तथा मौसम विज्ञान विभाग मिलेर यसको प्रपोजल तयार गरिएको थियो । यसको नेतृत्वका लागि विभिन्न चरणमा छलफल भयो । छलफलपछि विभागले नै यसको नेतृत्व लिनुपर्छ, त्यसलाई हेर्ने निकाय भनेको उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय हो र मन्त्रालयले नै नेतृत्व लिनुपर्छ भन्ने किसिमले छलफल अघि बढ्यो । प्रपोजललाई परिस्कृत गर्ने, विभिन्न चरणमा आएको कमेन्टलाई सम्बोधन गर्ने काम भयो । अहिले यो प्रोजेक्ट स्वीकृत भएको छ ।

विगतमा छोरोल्पा र इम्जा लगायतमा लेक लोअरिङको काम गरि सकेको हाम्रो इतिहास छ । त्यसैलाई आधार मानेर अहिले जिसिएफको फण्ड भित्र्याउन सफल भएका मन्त्रालयले जनाएको छ । यसलाई विस्तारै अन्य लेकमा इन्टरभेन्सन गदै जाने हिसावले मन्त्रालय अघि बढ्ने बताइएको छ । जल तथा मौसम विज्ञान विभागले जलवायु परिवर्तनको उच्चजोखिममा रहेका हिमताल विष्फोटबाट हुने क्षति कमगर्ने कार्यका लागि प्राप्त अनुदान नेपालका लागि निकै महत्वपूर्ण रहेको बताएको छ । प्राप्त अनुदानबाट हिमतालको सतह कमगर्ने, जलतथा मौसमीकेन्द्र स्थापना, विपद पूर्वसूचनामा पहुँच विस्तार र जलाधार संरक्षणमा खर्च गरिने छ । यो परियोजनाले कोशीका ३ र गण्डकीको एउटा हिमताललाई समेटेको जानकारी दिइएको छ । जलसतह घटाउने, जल तथा मौसमीकेन्द्र स्थापना गर्ने र समयमै पूर्वसूचना प्रवाह गरी त्यसक्षेत्रका बासिन्दालाई सचेत गराई जोखिम न्युनीकरण गर्ने र भूसंरक्षणमार्फत् जलाधार संरक्षण गर्ने परियोजनाका प्राथमिकताका क्षेत्र रहेका छन् । त्यसैगरी प्रोजेक्ट क्षेत्रमा १ सय ५० हेक्टर भन्दा बढी क्षेत्रमा वृक्षरोपणमार्फत् जलाधार क्षेत्रको भूसंरक्षण गर्ने लगायत कार्यक्रम रहेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार २१ गते शनिबार ५ जुलाई २०२५ । दशमी, असाढ शुक्लपक्ष । दिल्लाध्व ११४५ ने.सं. । सूर्योदय ५:१५, सूर्यास्त ७:०२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आलोचनामा वृद्धि | **तुला** | : मान्यजनबाट विवाद |
| **वृष** | : यात्रामा अवरोध | **वृश्चिक** | : अहमपनले कार्यमा हानि |
| **मिथुन** | : व्यवसायमा सफलता | **धनु** | : शत्रु नाश |
| **कर्कट** | : मान हानिले खिन्नता | **मकर** | : परिवारमा कलह |
| **सिंह** | : धर्मकार्यमा खर्च | **कुम्भ** | : रोग नाश |
| **कन्या** | : न्यायिक कार्यमा सफलता | **मीन** | : अशुभ समाचार सुन्नुपर्ने |

# केन्द्रीय बैठकबाट कांग्रेस के लिएर निस्कने ?



✍ भुवन न्यौपाने

मुलुकको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठक चलिरहेको छ । समयको अन्तराल र संवेदनशील परिवेशमा बसिरहेको बैठकलाई निकै महत्वका साथ हेरिएको छ । सरकारको समेत प्रमुख घटक रहेको पार्टीको बैठकले कस्ता निर्णय गर्ला ? आम मानिसमा राजनीति प्रति बढ्दो निराशालाई आशामा परिणत गर्न सक्ला या नसक्ला ? भन्ने जिज्ञासा बढ्दो छ । समसामयिक विषय र प्रश्नहरूको उठानबाट यो आलेखलाई सुरुवात गर्न चाहन्छु ।

बैठकमा सहभागी अधिकांश केन्द्रीय सदस्यहरूले कांग्रेसले नेतृत्व गरेका तथा सहभागी भएका संघ, प्रदेश र स्थानीय सरकारले खेल्नु पर्ने भूमिकामाथि नै केन्द्रित हुँदै धारणा राखिरहेका छन् । यस्तै, पार्टीले आगामी दिनमा लिनु पर्ने कार्यनीति, योजना र कार्यक्रमहरूका बारेमा पनि विचारोत्तेजक बहस चलिरहेको सुनिन्छ । त्यसोत: कांग्रेसभित्र वाक स्वतन्त्रता निकै समृद्ध छ । यस कारण पनि कार्यकर्तादेखि नेतासम्मले पार्टी नेतृत्व र पार्टीबाट सरकारमा सहभागी भएकाहरूको खुलेर चर्को आलोचना गर्ने गरेका छन् । सोहीअनुरुप पछिल्ला कार्यहरूका बारेमा पेचिला प्रश्न, जिज्ञासा र आलोचनाहरू पनि उब्जिएका छन् ।

पछिल्लो समय कांग्रेसभित्र अध्ययन, अनुशासन र अनुगमन फितलो हुँदै गएको छ । कांग्रेसले कस्ता युवा, कस्तो समाज र कस्तो देश निर्माण गर्न खोजेको हो ? यो प्रश्नको उत्तर खोज्न कांग्रेसले सकेको छैन । यो उत्तर खोज्ने प्रयासमा रहेका कतिपय नेताका प्रयास पनि कारगर देखिएका छैनन् । मुलुकले राजनीतिक, सामाजिक, आर्थिक र कूटनीतिक रूपमा निकै संवेदनशील समयको सामना गरिरहेको सन्दर्भमा कांग्रेसको भूमिका अपेक्षित नै हो । सायद त्यसैले होला, सानेपाको केन्द्रीय कार्यालयभित्र जारी बैठकको ध्वनि देशैभर सुनिएको छ ।

### कांग्रेसबाट युवाको अपेक्षा

यो स्पष्ट छ कि, आजको पुस्ता गलत प्रवृत्तिलाई हेरेर मौन समर्थन गरेर बस्दैन । बरु, आलोचनात्मक विवेचना, सिर्जनशील र नवीन कार्यशैलीको अपेक्षा गर्दछ । तर, नेपाली कांग्रेसभित्र युवाको त्यो गतिशीलता देखिएको छैन । उल्टो कांग्रेसको भातृ संगठन नेपाल विद्यार्थी संघका नेता-कार्यकर्ताले त्रिभुवन विश्वविद्यालयमा तोडफोड गरेका समाचारले सञ्चारमाध्यम भरिन्छन् । प्राध्यापकमाथि आक्रमण गरिएका र त्रिविका जिम्मेवार पदाधिकारीलाई कार्यालय प्रवेशमा रोक लगाइएका समाचार कांग्रेसका निम्ति मात्र होइन, कसैका निम्ति पनि सुखद छैन । बदलिँदो समय युवामा देखिएको वितृष्णाका बिच शिक्षाको धरोहर क्षेत्रमा भएका आक्रमणका घटना कांग्रेसको भातृ संगठनलाई शोभनीय पटक्कै होइनन् ।

अर्को भातृ संगठन नेपाल तरुण दलले आफ्नो भवन निर्माणका लागि राज्यकोषको जसरी दुरुपयोग गर्ने प्रयास गर्‍यो, त्यसले असल कांग्रेसजनलाई गिज्याएको छ । कांग्रेसका यी दुवै भातृ संगठनबाटै भोलकि दिनमा पार्टी नेतृत्व जन्मिने हो । यी संगठन शिक्षित युवाहरूको बाहुल्यता भएका संगठन हुन् । तर, नवीन पुस्ताका युवामा किन चेतनाको खडेरी लाग्यो । आम युवा तथा विद्यार्थीहरूले यी संगठनको आवश्यकता, औचित्य र प्रभावकारीताका बारेमा अनेक प्रश्नहरू तेर्साइरहेका बेला यस्ता गतिविधिहरूका जिम्मेवार को हुन् ?

घर-घरमा पुगेर गुण्डागर्दी गरेर, मुडेबल, कलेज तोडफोड गरेर अब संगठन निर्माण हुँदैन । विवाह, भोज भतेर, मर्दापर्दा सहभागी भएर मात्र पनि होइन । यी त सामाजिक र पारिवारिक विषय हुन् । त्यस्ता गतिविधि राजनीतिकर्मीका रूपमा होइन, सामान्य व्यक्तिका रूपमा गर्ने हो । खासमा राजनीति गर्नेहरूले राजनीतिक कौशलता देखाउन जरुरी छ । के अहिलेको युवा पुस्ताले नवीन कौशलताको ल्याकत राख्न सक्छ ? बाहिरको बौद्धिक नागरिक समाजले के मूल्यांकन गरिरहेको छ भन्ने कहिल्यै हेक्का गरेको छ ।

वर्तमान समय सूचना, सञ्चार, प्रविधि, विज्ञान र सामाजिक सञ्जालको हो । सामाजिक सञ्जाल समाजको ऐना हो । सामाजिक सञ्जालमा आमयुवाहरूको कांग्रेस लगायत तीन ठूला दल प्रतिको आक्रोश देखिन्छ । यो आक्रोशको जन्म कसरी भएको छ ? किन युवाहरूमा एकै पटक यति धेरै वितृष्णा सिर्जना भएको छ ? यसमा कांग्रेसले कस्ता कार्यशैली रुपान्तरण गरेर युवा वर्गलाई कसरी देशभित्रै पेशा, व्यवसाय र रोजगारीमा जोड्न सकिन्छ भन्ने विषय मिहीन रूपमा लिनुपर्ने देखिन्छ ।

युवाहरूमा किन वितृष्णा पैदा भयो ? युवा के कुरामा भुलिरहका छन् ? युवाहरूलाई कसरी पार्टी प्रति आकर्षित गर्ने ? युवालाई कस्ता कार्यक्रम दिएर व्यस्त बनाउन सकिन्छ ? युवालाई कसरी उत्पादनसँग जोड्ने ? युवाहरूलाई कसरी अनुशासन र सक्रिय बनाउने ? युवालाई कसरी आर्थिक समुन्नति, सामाजिक चेतना र रुपान्तरणमा उपयोग गर्ने भन्ने विषयमा कांग्रेस गम्भीर हुनुपर्दछ । कांग्रेस मुलुकको ठूलो लोकतान्त्रिक दल स्वभाविक रूपमा नै दलमा युवाहरूको बाहुल्यता छ । तर, त्यी युवाहरू नै किन कांग्रेसको कार्यसम्पादनबाट सन्तुष्ट हुन सकिरहेका छैनन् ? के र कस्ता विषयमा व्यस्त छन् ? समाजमा उनीहरूको प्रभाव कस्तो छ ? पार्टीले युवाहरूलाई कार्यकर्ता मात्र बनाउने नीति लिएको छ कि युवाहरूलाई आर्थिक आत्मनिर्भरता, उद्यमशिलता, नेतृत्व विकास, सामाजिकीकरण, राजनीतिक प्रशिक्षण र सांगठनिक सम्पत्तिका रूपमा दिएको छ ।

लोकतन्त्र सिकाउने मूल पार्टीले नै पार्टीका भातृ संगठन र शुभेक्छुक संस्थाहरूको लोकतान्त्रिक विधिबाट नेतृत्व चयनलाई कुल्चेर टिके प्रथा चलाउनु आफैंमा हास्यस्पद हो । पार्टीले अभ्यास गरेको लोकतन्त्र संगठनका जरा-जरामा पुर्‍याउन सके मात्र पनि पार्टी क्रियाशील हुन सक्दछ । नेविसंघ र तरुण लगायतले भातृसंगठनले महाधिवेशन माग गरेर अनशनमा छन् । यस्ता युवा संगठनहरूलाई चलायमान गराउन, विधि र लोकतन्त्रको जग निर्माण गर्न चुक्दा भावी दिनमा कांग्रेसले कसरी लोकतन्त्रको वकालत गर्न सक्दछ ?

युवाहरूलाई सामाजिक, आर्थिक र राजनीतिक रुपान्तरणमा व्यस्त बनाउन बिर्सेर प्रधानमन्त्रीज्युले नै झोले अभियान चलाउनुभयो । कांग्रेसमा पनि नातावाद, चाकडी र कृपावाद निकै चर्चामा रहने गरेको छ । नेताको चाकडीविना कुनै पनि अवसर पाइँदैन भन्ने मानसिकताले कांग्रेसी युवाहरू पनि ग्रसित छन् । क्षमता, मेहनत र नवीनता नयाँ पुस्तामा विजारोपण हुन सकेको छैन् । पार्टीले विधि, लोकतन्त्र, क्षमता, योग्यता र इमान्दारीलाई मानक बनाउन अब ढिला गरिनु हुँदैन् ।

### सरकारमा कमजोर "पर्फर्मेन्स"

नेपाली कांग्रेस वर्तमान सरकारको प्रमुख घटक हो । कांग्रेस सभापति शेरबहादुर देउवाकै प्रस्तावमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री छन् । यी दुई दलले आगामी निर्वाचनसम्म सत्ता सहकार्यको सहमति गरेका छन् । सहमति अनुसार नै ओली नेतृत्वको सरकारमा कांग्रेस सहभागी छ । केही महिनापछि देउवाको नेतृत्वमा एमाले समेतको सरकार बन्ने समझदारी छ ।

तर, अहिले सरकारका कांग्रेसको सहभागिताले कांग्रेसजनलाई उत्साहित बनाउन सकेको छैन । सरकारमा प्रभावशाली मन्त्रालयको नेतृत्व गरेको भए पनि कांग्रेसको कार्यसम्पादन कमजोर छ । कांग्रेसबाट सरकारमा भएका मन्त्रीहरूको कार्यसम्पादन औषत मात्र छ, उत्कृष्ट र प्रसंशनीय छैन । राम्रा कार्यहरूको प्रचार प्रसार गरौं भने पनि औंलामा गन्ने गरी भेटाउन मुश्किल छ । सरकारको नेतृत्व गरिरहेको एमालेको कार्य सम्पादन पनि उस्तै कमजोर छ । जसका कारण आम जनतामा मात्र होइन, कांग्रेस-एमालेभित्रै पनि उकुसमुकुसको अवस्था छ ।

दुई ठूला दलबीचको सरकारका नीतिगत अस्पष्टता कायमै छ । लोकतान्त्रिक धार र कम्युनिष्ट कार्यशैलीको तादाम्यता छैन । एमालेले लोकप्रिय कार्यक्रमलाई जोड दिँदै आएको छ, तर कांग्रेसले दूरगामी प्रभाव पार्ने विषयहरूमा जोड दिएको छ । एमाले संगठनमुखी कार्यकर्तालाई रिझाउन, भुलाउन मात्र चाहान्छ । तर, कांग्रेसले आममानिसका समस्याहरूको दीगो समाधान, आशा र बहुआयामिक विकासमा जोड दिँदै आएको छ । यथार्थ, के हो भने दुवै दलले कार्यशैलीमा सुधार हुन नसकेको आत्मसात गरेको अवस्था छ । र, दुवै दललाई विकल्प पनि नभएका कारण सरकारको गाँठो कसिएको मात्र छ तर सामयिक गति, आशा र नवीनतम् अनुभूति छैन् ।

सरकारले ल्याएको बजेटको स्वरुपलाई नै विश्लेषण गर्ने हो भने दुई ठूला दलहरूले ल्याएका नीति तथा कार्यक्रम र बजेटको तादाम्यता, आशा र समन्वय देखिँदैन् । दुई ठूला दलको सत्ता साझेदारीबाट योजना, कार्यसम्पादन र बजेटले जनअपेक्षाको सम्बोधन गर्न सकिरहेको छैन । बजेटको पूर्वसन्धा तयारी अवस्थामा र बजेट घोषणा, छलफल र संसद्बाट पास गरेसम्मको अवस्थालाई हेर्ने हो भने न त कांग्रेसबाट नेतृत्व गर्ने मन्त्रीहरू नै सन्तुष्ट छन् न त नेता कार्यकर्ता । वास्तवमा सरकारमा कांग्रेस किन बसिरहेको छ भन्ने अनेक प्रश्नहरू विभिन्न मञ्चहरूमा उठेका छन् ।

सरकारका पछिल्ला निर्णय, कांग्रेसले नेतृत्व गरेका स्थानीय सरकारको कार्यसम्पादन, प्रदेशमा कांग्रेसको अवस्थालाई अध्ययन गर्दा उस्तै निरासाजनक छ । बागमती, गण्डकी र लुम्बिनी प्रदेश सभामा प्रस्तुत बजेटका सन्दर्भमा पार्टीभित्रै विवाद कायम छ । स्थानीय सरकारको कार्यसम्पादन लगामविहीन छ । पार्टीका निर्देशन, प्रशिक्षण र परिपत्रहरूलाई आत्मसात गर्दै पार्टी र स्थानीय सरकारबीचको समन्वय निकै कमजोर देखिन्छ । पार्टी भित्रको मूल्यांकन, अनुगनम, अनुशासन र सुपरीवेक्षण निकै कमजोर छ । जसले स्थानीयस्तरमा कांग्रेसको अनुहार नै धमिलिएको छ ।

पार्टी र सरकारबीचमा ग्याप भएको स्पष्ट देखिन्छ । पार्टीका नीति सरकारमा कांग्रेसले बोक्न सकेको छैन । समुन्नतिको मार्गचित्र, कानुन निर्माणमा पार्टीको भूमिका, कानुन कार्यान्वयनमा सरकारको कार्यकारी भूमिका र मुख्य गरी युवा वर्गलाई स्वदेशमा नै आशा जगाउने सन्देशमूलक कार्यहरू प्रवाह हुन सकेका छैनन् । जसले सरकारमा कांग्रेसको कार्यसम्पादनको कार्यशैली फेरिएन भने पार्टीको साख अरु कसैका कारण होइन, आफ्नै कारण खस्किने छ ।

नेकपा एमालेसँगको सत्ता सहकार्यमा भएका सहमति अनुरुप संविधान संशोधनको विषय अझै पनि बहसको सुरुवात हुन सकेको छैन । पश्चगामी दलहरूले व्यवस्थाप्रति उठाएका प्रश्नहरू, वैकल्पिक भनेर आएको रास्वपाले उठाएको संविधान पुन:लेखनको प्रस्ताव, धर्म निरपेक्षता र संघीयता प्रति जनताको पछिल्लो मतका बिच भूराजनीतिक चलखेलले संविधान संशोधन जस्तो विषय निकै जटिल हुने देखिन्छ यस विषयमा कांग्रेस संवेदनशील, परिपक्व र निर्णायक हुनुपर्दछ ।

### संसदमा कांग्रेसको अभ्यास

संसद्मा सरकारले प्रस्तुत गरेको बजेटको सन्दर्भ भएका बहसमा केही कांग्रेस सांसदहरूका प्रस्तुतिले अनुशासनका सीमा पनि नाघेको देखियो । संसद्को सबैभन्दा ठूलो दल कांग्रेसको प्रभावकारिता कस्तो छ ? सरकारमा बजेटका सन्दर्भमा कांग्रेसको असन्तुष्टि भए पनि बजेटको बहसका क्रममा कांग्रेसी सांसद्बाट स्पष्ट, तर्कसंगत र ओजिला विचारहरूका साथै आलोचनात्मक सुझावहरू सुन्न पाइएन । बजेटलाई मौन समर्थन जस्तै गरेर कांग्रेसले सत्ताको तालाचावी ठिकठाक पारे पनि बजेटको औचित्यलाई पुष्टि गर्न जागर नचलाउनुको कारण के हो बुझ्न सकिएको छैन ।

संसद्मा राजनीतिक घोचपेच, आलोचना र अवरुद्ध हुने शिलशिलाले प्रश्रय पाइरहेका बेला कांग्रेसले प्रश्नहरूलाई लिपिवद्ध गर्न सकिरहेको छैन् । संसदीय अभ्यासको लामो अनुभव भएको सबैभन्दा ठूलो दल संसद्मा सत्ताको छाँयामा परेर प्रश्नविहीन भएको छ । दलभित्रै सांसद्हरूको प्रियतावादी, आलोचनात्मक र मतभेदपूर्ण अभिव्यक्तिले कांग्रेसको संसदीय अभ्यासलाई चुनौनी थपिदिएको छ ।

कानुन निर्माणको प्रक्रियामा कांग्रेसको बहस, पैरवी र परामर्शहरू अझै संगठित, प्रभावकारी र प्रतिफलमुखी हुन सकेका छैनन् । पर्याप्त छलफल, परामर्श र बहसको निरन्तरता र तादाम्यता देखिँदैन् । पछिल्लो समय निजामति विधेयक, शिक्षा विधेयक, प्रहरी सम्बन्धी विधेयक, नागरिकता विधेयक जस्ता महत्वपूर्ण विधेयकमा पनि कांग्रेसले सही अडान, एक रूपता र सान्दर्भिकता कायम गर्न सकेको छैन् । संसदीय अभ्यासको लामो अनुभव भएको सबैभन्दा ठूलो दल संसद्मा सत्ताको छाँयामा परेर प्रश्नविहीन भएको छ । दलभित्रै सांसद्हरूको प्रियतावादी, आलोचनात्मक र मतभेदपूर्ण अभिव्यक्तिले कांग्रेसको संसदीय अभ्यासलाई चुनौनी थपिदिएको छ ।

कांग्रेसले विभिन्न समितिहरूको नेतृत्व गरेको छ । समितिका कार्यसम्पादन औषत छन् । समितिका बैठकमा उपस्थिति, बहस र सक्रियता निकै कम देखिन्छ । जसका कारण अन्य दलका सांसद्हरूको भूमिका चर्चा हुने गरेको छ । तर, कांग्रेसले मिनी संसद् संसदीय समितिको प्लेटफर्मलाई यथेष्ट उपयोग गरेर त्यसको श्रेय लिन सकिरहेको छैन । भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा मागेर सदनमा अवरोध गर्दै आएको रास्वपाले लेखक र आफ्ना पार्टीका अध्यक्ष तथा पूर्वगृहमन्त्री रवि लामिछानेको विषय उस्तै भएको भन्दै सामाजिक सञ्जालमा भ्रम फैलाइरहेको छ ।

कांग्रेसले समयमै त्यस्तो भ्रमको चिरफार गर्न नसक्दा पार्टी प्रति नकारात्मक सन्देश फैलिएको छ । लोकतान्त्रिक विधि, प्रक्रिया र कानुनभन्दा बाहिर गएर गरिएका गतिविधिहरूका विरुद्ध आममानिसलाई सूसुचित गराउने अभिभारा कांग्रेसले पूरा गर्न सकेको छैन । रास्वपा र राप्रपाको संसद् बहिष्कार औचित्यहीन र जनमतको उपहास हो । वैकल्पिक भनिएका दलका नेता, नीति र नैतिकता देख्दा अझै दु:खलाग्दो अवस्था छ । पश्चगामी र नीतिविहीन यी दलहरूले व्यवस्था र संविधानमाथि प्रश्न उठाउँदा पनि कांग्रेसले आफ्नो कार्यसम्पादन मार्फत चित्त बुझ्दो जवाफ दिन सकिरहेको छैन ।

### कांग्रेसको अबको बाटो

कांग्रेसको अहिलेको मूल नेतृत्वको अबको जिम्मेवारी भनेको समयमा नै महाधिवेशन सम्पन्न गरी ऊर्जाशील नयाँ नेतृत्वलाई पार्टीको जिम्मेवारी हस्तान्तरण गर्नु हो । पछिल्लो समय सभापति स्वयम्ले राखेको पार्टी एकता, समन्वय र अवकासको घोषणाले पार्टीका शिराशिरामा सकारात्मक रक्तसञ्चारको प्रभाह हुने संकेत देखिन्छ । कांग्रेसले आफ्नो महाधिवेशन टारेर अरु कसैका लागि होइन आफ्नै साख घटाउने गैरलोकतान्त्रिक कार्यमा अल्झिनु हुँदैन ।

(साभार: अनलाइनखबर)

# राजनीति र प्रशासनमा व्याप्त विकृति रोक

✍ सागर पण्डित

नेपालमा राजनीतिक नेतृत्व र प्रशासनिक संयन्त्रले विगतदेखि आजसम्म जनतालाई सुशासनको अनुभूति दिलाउन सकेका छैनन् । शासन व्यवस्था जति परिवर्तन भए पनि शासकीय चरित्रमा आमूल सुधार आउन नसक्दा मुलुक महँगी, भ्रष्टाचार, अकर्मण्यता, गैरजवाफदेही, अराजकता र असमानताको भुमरीमा फसेको छ । सर्वसाधारण जनताले संघीय लोकतान्त्रिक गणतन्त्रबाट पाउनुपर्ने लाभ प्रभावकारीरुपमा पाउन सकेका छैनन्, जसका कारण जनतामा निराशा चुलिन थालेको छ ।

### कुशासनको स्थायी चपेटा

देशमा कुशासनको ग्राफ दिनप्रतिदिन उकालो लाग्दै गएको छ । राजनीतिक नेतृत्व स्वार्थ, लोभ, भागवण्डा र दलीय लाभको जालोमा यसरी फसेका छन् कि जनताको आवश्यकता, संवेदना र हित उनीहरूका लागि गौण बनिसकेको छ । सरकारका धेरैजसो निकायमा अकर्मण्यता र भ्रष्ट आचरण मौलाउँदै गइरहेको छ । आम नागरिक्लाई आधारभूत सेवा-सुविधा पाउन संघर्ष गर्नुपर्ने अवस्था छ । विकासका योजना बजेट सकिएपछि मात्रै सम्झने गरिएको छ । बजारमा मूल्यवृद्धि बेलगाम छ, तर राज्य मौन छ । सेवा प्रवाह ढिलो, झन्झटिलो र अपारदर्शी हुँदै गएको छ । बजारमा प्रभावकारी अनुगमन हुने गरेको छैन ।

### लोकतान्त्रिक शासनमाथि प्रश्न

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागू भएको पनि १० वर्ष पुग्दै छ । संघ, प्रदेश र स्थानीय तीनवटै तहमा सरकार क्रियाशील छन् तर जनताले अनुभूति गर्न सकेका छैनन् कि शासन प्रणाली साँच्चिकै परिवर्तन भएको हो । शासन प्रणाली परिवर्तनसँगै आशा गरिएको थियो- सेवा जनताको घरदैलोमै पुग्नेछ, राज्य जनमैत्री बन्नेछ । सुशासन कायम हुनेछ, विकासले गति लिनेछ । तर परिस्थिति यसको उल्टो दिशामा बगेको देखिन्छ । स्थानीय तहहरूले समेत भ्रष्टाचारका नयाँ मोडल सिक्न थालेका छन् । भ्रष्टाचार केन्द्रदेखि स्थानीय तहसम्ममा नै विस्तार भइरहेको छ ।

### शासकीय स्वार्थ र संस्थागत पतन

शासकहरू बारम्बार जनमुखी शासन, सुशासन, समावेशिता र पारदर्शिताको भाषण गर्छन् तर व्यवहारमा ती सबै सत्तासीन वर्गका आत्मरक्षात्मक आवरण मात्र साबित भएका छन् । न त सेवा छिटो छ, न त प्रभावकारी । राज्यको साधनस्रोत आफ्ना कार्यकर्ता, नातागोता र सत्तासमीपवर्तीहरूमा सीमित पार्ने प्रवृत्तिले शासन व्यवस्था नै जनताका नजरमा अविश्वसनीय बन्न पुगेको छ । राणा, पञ्चायत वा राजतन्त्रको पतन किन भयो ? यसको मूल जड शासकीय स्वार्थ, भ्रष्टाचार र जनभावनाको उपेक्षा नै थियो । आजको लोकतान्त्रिक शासन पनि उही बाटोमा अघि बढ्दै छ, जुन चिन्ताको विषय हो ।

### अनुगमनको अव्यवस्था

सरकारी अनुगमन संयन्त्र प्राय: निष्क्रिय छन् । केही निकाय त भ्रष्टाचारको भागवण्डामा रमाइरहेका छन् । बजार अनुगमन, अनियमितता नियन्त्रण, अनधिकृत लाभ रोकथाम जस्ता जिम्मेवारीमा शून्य सन्तुलन देखिन्छ । राजनीतिक नेतृत्व र प्रशासकीय संयन्त्र मिलेर नीति निर्माणदेखि कार्यान्वयनसम्ममा नीतिगत भ्रष्टाचारलाई प्रश्रय दिइरहेका छन् । इमानदार नेतृत्व र कर्मचारीहरू निराश र निष्क्रिय बन्न बाध्य छन् ।

### सेवा केन्द्रमा जनता कि सत्ताको माफिया ?

शासन प्रणाली सफल हुनुपर्छ भने सेवा जनताको वरिपरि घुम्नुपर्छ, जनता सेवाको वरिपरि होइन । तर नेपालमा सेवा प्रवाह गर्ने संयन्त्र उल्टो प्रणालीमा रमाइरहेका छन् । कर्मचारीतन्त्र 'सेवक' नभई 'शासक'को रूपमा प्रस्तुत भइरहेका छन् । छिटो, सुलभ र पारदर्शी सेवा जनताको अधिकार हो तर राज्यले त्यो अधिकारमाथि 'दया' देखाउने शैली अँगालेको छ । सार्वजनिक सेवाको नाममा अनावश्यक झन्झट, सिफारिस र घूस प्रथा व्याप्त छ ।

### भ्रष्टाचारको चक्रव्यूह

भ्रष्टाचारको स्तर यति भयावह भइसकेको छ कि सार्वजनिक पदाधिकारीको प्राथमिक उद्देश्य जनसेवा होइन, निजी सम्पत्ति आर्जन देखिएको छ । राजनीतिमा आएका नेताहरू अकुत सम्पत्ति जोड्न केन्द्रित छन् भने कर्मचारीहरू राजनीतिक आडमा घूसमा रमाइरहेका छन् ।

### कर्मचारी संयन्त्रको जिम्मेवारी

राजनीतिक नेतृत्व जति कमजोर भए पनि स्थायी सरकारका रूपमा रहेको कर्मचारीतन्त्रले शासन चलाउने सशक्त र नैतिक जिम्मेवारी बोकेको हुन्छ । तर नेपाली कर्मचारीतन्त्र लामो समयदेखि निष्क्रिय, ढिलासुस्ती, राजनीतिक आडमा अनियमितता गर्ने, समान व्यवहार नगर्ने र सार्वजनिक हितभन्दा व्यक्तिगत लाभमा बढी केन्द्रित रहँदै आएको पाइन्छ । जनताले कर्मचारीहरूलाई राजनीतिक नेताजस्तै भ्रष्ट, अक्षम र जनविरोधीरूपमा हेर्न थालेका छन् । यस्तो छविबाट कर्मचारीतन्त्रले आफूलाई मुक्त गर्न नसक्दा प्रशासनप्रति विश्वास कमजोर हुँदै गएको छ । अब कर्मचारीले लोकतन्त्रका मूल्य आत्मसात् गर्दै सेवा, पारदर्शिता, जवाफदेहिता र सुशासनका सिद्धान्तमा आफूलाई अडिग राख्न सक्नुपर्छ ।

क्रमश: पृष्ठ-३...

# प्लाष्टिकजन्य उद्योगबाट वातावरणीय शुल्क लिने तयारी



साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ डिभिजन वन कार्यालय मकवानपुरको आयोजनामा प्लाष्टिकजन्यपदार्थ प्रयोग गर्ने उद्योगमाथि वातावरणीय शुल्क लागू गर्ने विषयमा अन्तक्रिया भएको छ ।

वन तथा वातावरण मन्त्रालयको सभाहलमा भएको कार्यक्रममा विभिन्न सरकारी निकाय, मकवानपुर उद्योग वाणिज्य संघ, उद्योग संघ र निजीक्षेत्रका प्रतिनिधिको उपस्थिति थियो । डिभिजनल वनअधिकृत राकेशप्रसाद चन्द्रवंशीको अध्यक्षतामा तथा बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयका सचिव डा.केदार बरालको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा सचिव बरालले प्लाष्टिकका कारण वातावरणमा पर्न सक्ने दीर्घकालीन असरबारे जानकारी दिँदै उद्योगबाट उत्पन्न हुने फोहर व्यवस्थापनका लागि साझा पहल आवश्यक रहेको बताए ।

प्लाष्टिकजन्यपदार्थ प्रयोग गर्ने उद्योगमाथि वातावरणीय शुल्क लागू गर्ने कानूनका अब्यवहारीक विषय संशोधन गर्दै लैजाने र कानून कार्यान्यनको पाटोमा पनि काम गरिने बताए । उद्योग संघ मकवानपुरका अध्यक्ष बद्रीनाथ शर्माले वातावरणीय शुल्कका नाममा अनावश्यक बोझ नथपिने गरी व्यवहारिक ढाँचामा नीति निर्माण गर्न आग्रह गरे । वागमती प्रदेश उद्योग परिसंघका अध्यक्ष लेखराज पोखेल र उपाध्यक्ष स्वागतराज प्याकुरेलले वातावरण संरक्षण र औद्योगिक विकासलाई सन्तुलनमा राख्दै शुल्क निर्धारण हुनुपर्ने र अहिले निर्धारण गरिएको शुल्क अब्यवहारीक भएको बताए ।

कार्यक्रममा मकवानपुर उद्योग बाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाटलगायतले यस विषयमा सुझाव राखेका थिए । कार्यक्रममा डिभिजन वन कार्यालय मकवानपुरका सहायक वनअधिकृत बसन्तराज गौतमले प्लाष्टिकजन्य पदार्थ प्रयोग गर्ने उद्योगमाथि वातावरणीय सेवा शुल्क लागू गर्ने विषयमा प्रस्तुतीकरण गरेका थिए ।

# कैलाशबाट १६८ किलो गाँजासहित एकजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ मकवानपुरको कैलाश गाउँपालिका वडा नम्बर ९ ठुलोवारीबाट लागूऔषध गाँजाको ठूलो परिमाणसहित एकजना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको टोलीले अर्जुन रुम्बालाई १६८ किलो ३० ग्राम गाँजासहित पक्राउ गरेको हो । प्रहरीका अनुसार असार १८ गते अपराह्न ३:३० बजे विशेष सुराकीका आधारमा कैलाश गाउँपालिका-९ निवासी ५५ वर्षीय रुम्बालाई उनको घरअगाडि बसिरहेको अवस्थामा नियन्त्रणमा लिइएको हो । त्यसपछि उनको शारीरिक जाँच र घर नजिकैको गोठ खानतलासी गर्दा घाँस र स्याउलाको थुप्रोभित्र लुकाई राखिएको अवस्थामा १६८ किलो ३० ग्राम गाँजा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिएका छन् ।

बरामद गरिएको लागूऔषधसहित अर्जुन रुम्बालाई नियन्त्रणमा लिएर लागूऔषध कसुर सम्बन्धी मुद्दामा अनुसन्धान अघि बढाइएको छ । प्रहरीका अनुसार उनलाई मकवानपुर जिल्ला अदालतबाट म्याद अनुमति लिई थप अनुसन्धान भइरहेको छ ।

# हेटौंडामा टिभिएसको बिशेष सर्भिस क्याम्प

साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ भारतीय कम्पनी टिभिएसको नेपालका लागि आधिकारिक बितरक जगदम्बा मोटर्स प्रालिले हेटौंडामा टिभिएसको बिशेष मनसुन सर्भिस क्याम्प सञ्चालन गर्ने भएको छ ।

हेटौंडाको रानीदरबार अगाडि रहेको टिभिएसको आधिारिक सर्भिस सेन्टर हेटौंडा अटोमार्टमा आगामी असार २२ देखि २४ गतेसम्म तीनदिन बिशेष मनसुन सर्भिस क्याम्प सञ्चालन हुने हेटौंडा अटोमार्टका सञ्चालक प्रवेशराज बरुवालले बताए । बरुवालको अनुसार सर्भिस क्याम्पमा आफ्नो सवारीसाधन मर्मतका लागि आउने ग्राहकको लागि एक थान आकर्षक टिसर्ट उपलब्ध गराईनुका साथै स्पेयरपार्टस् र इञ्जिन आयलमा १०/१० प्रतिशत छुटको ब्यवस्था गरिएको छ ।

क्याम्पामा आउने सवारी उपभोक्ताका लागि लेवर चार्जमा ५० प्रतिशत छुट हुनेछ । सर्भिस क्याम्पकै अवसरमा टिभिएसका सवारी साधन बिशेष छुट सुविधा सहित बार्षिक मर्मत सम्झौता समेत गरिने अर्का सञ्चालक कञ्चन बुढाथोकीले बताए ।

# गोलनेपालकर्मी बानियाँ राष्ट्रिय पुरस्कारबाट सम्मानित



साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/युवा तथा खेलकुद मन्त्रालयले वार्षिकरुपमा प्रदान गर्दै आएको खेलकुद पत्रकार प्रोत्साहन पुरस्कारबाट गोलनेपालकर्मी बिक्रमकुमार बानियाँ पनि पुरस्कृत र सम्मानित भएका छन् ।

बानियाँलाई युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले काठमाडौंमा आयोजित एक कार्यक्रममा सम्मानित गरेका हुन् । खेलकुद मन्त्रालयको पुरस्कार मूल्यांकन समितिले मूल्यांकन गरी १० खेलकुद पत्रकारलाई प्रोत्साहन पुरस्कार प्रदान गर्ने निर्णय भएको थियो । १० जनाको सूचीमा बागमती प्रदेशबाट बानियाँ छनोटमा परेका थिए ।

मकवानपुरको स्थानीय फुटबलदेखि घरेलु फुटबलको शीर्ष लिग 'ए डिभिजन' लिगतर्फ खेलाडीका रुपमा लामो समय बिताएका बानियाँ पछिल्लो एकदशक यता गोलनेपालको सहसम्पादक तथा बागमती प्रदेश ब्युरो प्रमुखका रुपमा खेलपत्रकारितामा सक्रिय छन् । खेलपत्रकारिकताकै क्रममा देशका विभिन्न जिल्ला तथा दुबई, मलेसियालगायत देशमा फिफा वल्डकपको रिपोर्टिङ गर्न पुगेका बानियाँले पछिल्लोपटक सन् २०२३ मा साउदी अरेबियामा सम्पन्न भएको फिफा क्लब विश्वकपमा गोलनेपालको प्रतिनिधिका रुपमा सहभागी भएर रिर्पोर्टिङ गरेका थिए ।

लामो समयदेखि फुटबलमै समर्पित बानियाँले यो नेपाल सरकारको प्रतिष्ठित खेलकुद पत्रकार प्रोत्साहन सम्मान पाउनु भनेको आफ्नो लागि गौरवसँगै सौभाग्यको कुरा भएको बताएका छन् । यो सम्मानले आफूलाई आउने दिनमा खेलकुद पत्रकारितामा थप रचनात्मक काम गर्न हौसला मिल्ने उनले साझाकुरासँग प्रतिक्रिया दिए ।

# संविधानमाथिको हमलालाई 'सर्वोच्च' अनुमोदन




काठमाडौं/'संवैधानिक आयोगमा भएको नियुक्ति उपर परेको मुद्दाका कारण उत्पन्न अन्योल अन्त्य भएको छ, अब ती निकायको काममा तिव्रताको अपेक्षा गरौं,' नेकपा एमालेका महासचिव शंकर पोखरेलले सामाजिक सञ्जाल फेसबुकमा बिहीबार बिहानै दिएको प्रतिक्रिया हो, यो ।

५२ संवैधानिक निकायमा अध्यादेशमार्फत भएको नियुक्तिविरुद्ध परेको रिटमाथि बुधबार सर्वोच्च अदालतले बहुप्रतिक्षित निर्णय सुनाएपछि राजनीतिक तहबाट औपचारिक प्रतिक्रियाको पृष्ठभूमि छ, र पृष्ठभूमिमा छ तत्कालीन नेकपाको आन्तरिक कलह ।

३० मंसिर २०७७ मा तत्कालीन प्रधानमन्त्री केपी ओलीलेसंवैधानिक परिषद्सम्बन्धी अध्यादेश ल्याए । नेकपाको विवादकै कारण ओलीले बोलाएको संवैधानिक परिषद् बैठकमा तत्कालीन सभामुख अग्निप्रसाद सापकोटा अनुपस्थित भए । यसपछि अध्यादेश ल्याइयो ।

अध्यादेश ल्याएर राखिएको बैठकमा कांग्रेस सभापति देउवा पनि गएका थिएनन् । तर राज्यको शक्ति सन्तुलन बिग्रनेगरी ल्याइएको अध्यादेश अनुसार बसेको बैठक र गरिएको निर्णयमा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले ओलीलाई साथ दिए । त्यतिबेलै संविधानको व्याख्या गरेर यसको रक्षा गर्नुपर्ने सर्वोच्च नै गैर संवैधानिक गतिविधिमा संलग्न भएको भन्दै सर्वोच्चको खुब आलोचना भएको थियो । तर, तत्कालीन प्रधानन्याधीश जबराले आफ्नो शक्तिलाई यसरी दुरुपयोग गरे कि ओलीले जबरालाई पनि संवैधानिक निकायको सिफारिसमा भाग छुट्याए ।

अध्यादेशमा जबराको साथ पाएपछि ओलीले ५ पुस २०७७ मा संविधानमै नभएको अधिकार प्रयोग गरी प्रतिनिधिसभा विघटनको निर्णय गरे । यदि त्यसबेला संवैधानिक परिषद् सम्बन्धी अध्यादेश ल्याउँदा प्रधानमन्त्रीलाई न्यायपालिकाको नेतृत्व गरिरहेका प्रधानन्यायाधीशको साथ नहुँदो हो त प्रधानमन्त्री ओलीलाई प्रतिनिधि सभा विघटन गर्ने नै आँट आउँदैनथ्यो भन्ने विश्लेषण कानुनका जानकारहरूले त्यसबेलै पनि गरेका थिए । सायद त्यसैले प्रतिनिधिसभा भंग गर्दै मध्यावधि घोषणा गर्ने ओलीलाई जबराले साथ दिएको आरोप लाग्यो ।

तथापी प्रतिनिधिसभा विघटन विरुद्ध देशव्यापी आन्दोलन भइरहेका बेला ११ फागुन ०७७ मा प्रतिनिधिसभा पुनर्स्थापना भयो । प्रतिनिधिसभा विघटनको फैसला आएपनि संवैधानिक परिषद्सम्बन्धी अध्यादेश, त्यस आधारमा बसेको बैठक र गरिएको सिफारिसविरुद्ध परेको रिटमाथि सुनुवाइ अगाडि बढाइएको थिएन । १ पुस २०७७ मा कानुन व्यवसायी ओमप्रकाश अर्याल र दिनेश त्रिपाठीले जबरासहित ओलीलाई विपक्षी बनाएर रिट दायर गरेका थिए ।

फेरि २१ वैशाख २०७८ मा ओलीले संवैधानिक परिषद्सम्बन्धी पुरानै अध्यादेश ल्याए । यसको पाँच दिनपछि बोलाइएको बैठकमा जबराले भाग लिए, संवैधानिक नियुक्ति भागबण्डा पाए । दुईपटक गरी संवैधानिक आयोगहरूमा नियुक्त भएका ५२ पदाधिकारीमध्ये जबराको भागमा १३ जना परेका थिए । यो भयो संवैधानिक निकायका १२ पदाधिकारी नियुक्तिको पृष्ठभूमि ।

अहिलेको दृश्य भने पहिलेजस्तो छैन । सरकारमा उनै प्रधानमन्त्री केपी ओली भएपनि सर्वोच्चमा जबरा छैनन । तर सर्वोच्चले आफ्नो पुरानो संलग्नतालाई नै अनुमोदन भने गरेको छ । तत्कालीन प्रधानमन्त्री ओलीको दुईवटा भयानक असंवैधानिक कदममध्ये प्रतिनिधि सभा विघटन गर्ने कदम सर्वोच्चकै परमादेशले उल्टाए पनि अध्यादेशमार्फत् संवैधानिक निकायका पदाधिकारी नियुक्त गर्ने कदमलाई बहुमतले पारित गरिदिएको छ ।

भलै यसमा प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत र न्यायाधीश नहकुल सुवेदीको भने फरक मत छ । संवैधानिक परिषद् अरु निकाय भन्दा फरक प्रकृतिको छ । राज्य शक्ति सन्तुलन कायम गर्न भनेरै कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका प्रमुख मात्रै होइन, प्रमुख प्रतिपक्षी दलका नेताको समेत सहभागिता सुनिश्चित गरिएको छ । प्रधानन्यायाधीश रावत र न्यायाधीश सुवेदीले पनि आफ्नो रायमा यही तर्क गरेका छन् ।

'व्यवहारिकता वा आवश्यकताका आधारमा संविधान र कानुनका व्यवस्थालाई एकातिर पन्छाएर वैधानिकता प्रदान गर्नु न्यायिक मूल्य मान्यता अनुकूल हुँदैन,' रावत र सुवेदीको रायमा उल्लेख छ, 'संविधान र कानुनका व्यवस्थालाई अनादार गरियो भने प्रकारान्तरमा यसले स्वेच्छाचारितालाई प्रश्रय दिन्छ ।'

तत्कालीन प्रधानमन्त्री ओलीले असंवैधानिका रूपमा गरेको नियुक्ति र साढे चार वर्षपछि सर्वोच्चले गरेको सदरपछि अहिले जनजनमा उब्जिएको आशंका पनि यही हो । माओवादी केन्द्रका महासचिव देव गुरुङ अध्यादेश मार्फत नै संवैधानिक निकायका पदाधिकारी नियुक्त हुन सक्ने भए संसदको औचित्य पनि बाँकी नरहने बताउँछन् ।

'सम्मानित अदालत भएको हुनाले पनि अदालतका आदेशहरूलाई स्वत: मान्नु त परि हाल्यो,' महासचिव गुरूङले भने, 'तर भएको सदन विघटन गर्ने, अनि अध्यादेश ल्याउने आफैमा असंवैधानिक हो भन्ने कुरा त संविधान पुन:स्थापना हुँदा सर्वोच्च अदालतले नै नजिर खडा गरेको छ । त्यही सर्वोच्चले अध्यादेश ल्याउने कुरालाई वैधता दिन स्वभाविक रुपमा प्रश्न खडा त हुन्छ नै ।'

### माओवादी केन्द्रका महासचिव देव गुरूङ

नेपालको संविधानले कस्तो अवस्थामा अध्यादेश ल्याउन सकिन्छ भन्ने विषयको समेत प्रष्ट व्यवस्था गरेको छ । तर यी ५२ संवैधानिक निकायमा नियुक्ति गर्दा सरकारले अध्यादेश जारी गरेर काम फत्ते गरेपछि अध्यादेश फिर्ता गरेको थियो । तत्कालीन सरकारको यस्तो असंवैधानिक काम सदर हुँदा त्यसले निम्त्याउने दीर्घकालीन परिणामबारे संशय पैदा हुनु अस्वभाविक होइन ।

किनकि अदालतको यो फैसलाले अब अध्यादेशमार्फत गरिने निर्णयलाई सदनबाट अनुमोदन गराउनुपर्ने व्यवस्था नै प्रभावित हुने देखिन्छ ।

'यसले संसद्को औचित्य रहेन । सरकारले अध्यादेशको प्रावधानलाई प्रयोग गर्दै मनमानी ढंगले जान सक्ने देखियो,' माओवादी केन्द्रका महासचिव गुरूङले भने, 'दोस्रो कुरा- संविधानले संवैधानिक अंगहरूमा नियुक्तिका लागि सुनुवाई समितिको व्यवस्था गरेको छ । अब सुनुवाइ समितिको प्रावधान पनि पूरा गर्न नपर्ने भएपछि संसदीय सुनुवाइ समितिको प्रावधान पनि स्वत: संशोधन हुन पुग्यो ।'

संवैधानिक परिषद्को गठनमा जसरी प्रतिनिधित्वको परिकल्पना गरिएको छ, त्यो विशेष परिस्थितिमा आएको थियो । संविधान निर्माणका बेला दलहरूबीच पर्याप्त छलफल गरेर गरिएको यो व्यवस्थालाई शक्ति सन्तुलनका हिसाबले महत्त्वपूर्ण मानिएको थियो ।

त्यसैले अध्यादेशमार्फत् भएको नियुक्तिले संविधान, संसद्को भूमिका, संवैधानिक परिषद्को परिकल्पनामाथि प्रहार त भएको थियो नै सरकारले जे गरे पनि हुन्छ भन्ने भाष्यसमेत बुधबारदेखि जबरजस्त स्थापित भएको विश्लेषकहरूको बुझाइ छ । कालान्तरमा यसले मुलकको संविधानलाई नै असफल बनाउने टिप्पणी भइरहेको छ ।

अर्कातिर अध्यादेश मार्फत नियुक्त भएका संवैधानिक निकायका ५२ पदाधिकारीले जति समय पदमा गुजारे अब त्यति समय बाँकी छैन । तर यसले पार्ने दीर्घकालीन असर भने दीर्घकालीन हुन्छ । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव भने संविधान नै त्रुटिपूर्ण रहेकाले यस्ताखाले धेरै समस्या सृजना भइरहने बताउँछन् । 'पूर्णपाठ नपढेसम्म सर्वोच्चको संवैधानिक इजलासले गरेको निर्णयमाथि टिप्पणी गर्न मिल्दैन । टिप्पणीको अर्थ पनि छै,' यादवले भने, 'तर मूल समस्या हाम्रो संविधानमा नै छ, सुरुमा संविधानलाई नै परिमार्जन गर्नुपर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# हेटौंडा-२ मा फुटपाथ निर्माण गर्न साइड क्लियरेन्सको प्रक्रिया सुरु गरिने

साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ मा पैदलयात्रीका लागि फुटपाथ निर्माण गर्न साइड क्लियरेन्सको प्रक्रिया सुरु गरिने भएको छ ।

वडा कार्यालयले बिहिवार पत्रकार सम्मेलनको आयोजना गर्दै शान्तिटोलस्थित मकवानपुर उद्योग वाणिज्य संघ चोकदेखि लोकप्रिय होटलसम्मको सडकखण्डमा सडकछेउका अस्थायी टहरा, संरचना र अन्य अव्यवस्थित निर्माण गरि एका टहराहरु हटाइने जानकारी दिएको हो । यो क्षेत्रमा पेटीको व्यवस्था नहुँदा पैदलयात्री सीधै मुख्य राजमार्गबाट हिंड्न बाध्य छन् । सडकमा सवारीचाप उच्च भएकाले पैदलयात्रीको सुरक्षामा गम्भीर जोखिम देखिएको छ ।



वडाका अनुसार, साइड क्लियरेन्सको क्रममा ढलबाट तीन मिटरभित्र रहेका अस्थायी टहरा, टिनका घर, टेबल, कुर्सी लगायत वस्तु हटाइने छन् । यसपछि यो क्षेत्रमा व्यवस्थित ढंगले फुटपाथ निर्माण गरिनेछ । सम्बन्धित सडक त्रिभुवनराजपथअन्तर्गत पर्ने भएकाले ५० मिटर सडक विस्तारको योजना स्थगित भएको छ ।

विस्तारकार्य नहुदाँ तत्कालीन आवश्यकता सम्बोधन गर्न साइड क्लियरेन्स गर्ने निर्णय गरिएको वडाले जनाएको छ । यो प्रक्रिया स्थानीय सरकार सञ्चालन ऐन २०७४ र प्रचलित कानुनअनुसार अघि बढाइनेछ । वडा नं. २ ले नगरलाई सुरक्षित, व्यवस्थित र सुन्दर बनाउन सबै स्थानीयबासी, घरधनी र व्यवसायीको सहयोग अपेक्षा गरेको छ ।

# रेफरविना जुनसुकै सरकारी अस्पतालबाट स्वास्थ्यबीमा सुविधा लिन सकिने

साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ आगामी साउन १ देखि स्वास्थ्य बीमा सुविधा लिएकहरुले जुनसुकै सरकारी अस्पतालमा उपचार गर्दा रिफर लिन नपर्ने भएको छ ।

प्रथम विन्दु जहाँ भएपनि सरकारले आगामी साउन १ गतेदेखि जुनसुकै सरकारी अस्पतालमा विनारिफर नै उपाचार गर्न सकिने नीतिगत ब्यवस्था गरेको हो । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डाक्टर प्रकाश बुढाथोकीका अनुसार यो ब्यवस्था लागु भएसँगै यसअघि केन्द्रीय, प्रादेशिक अस्पतालमा उपचार गर्न बीमितले पहिलो सेवाविन्दुमा सेवा उपलब्ध नभएमा मात्र रिफर लिएर आउनु पर्ने ब्यवस्था थियो अब त्यो आवश्य नपर्ने भएको छ ।

अब बसेकै ठाउँबाट स्वास्थ्य बीमा सुविधा लिन सकिने छ । जुन जिल्लाको नागरिक भएपनि बीमामा जुन अस्पतालाई प्रथमविन्दु उल्लेख गरेपनि मुलुकको कुनैपनि सरकारी अस्पतालमा बिरामीले अब पहिलो विन्दुका रुपमा सेवा लिन सकिनेछ ।

अब प्रथम सेवाविन्दुका रुपमा जुनसुकै सरकारी स्वास्थ्य संस्था अस्पताल रहेन छन् । यो ब्यवस्था साउन १ गतेबाट लागु हुनेछ । यो नियमले सीधै निजी वा सामुदायिक अस्पतालमा गएर सेवा लिन सकिने ब्यवस्था भने हटाएको छ । पहिले प्रथम सेवाविन्दु मानिएका निजी र



सामुदायिक अस्पताल त्यो मान्याताबाट हटाइएको छ । अब साउन १ गतेदेखि सरकारी अस्पतालमा गएर सेवा लिनुपर्नेछ, र त्यहाँ उपलब्ध नहुने सेवाका लागि मात्रै रेफर लिएर निजी वा सामुदायिक अस्पताल जान सकिने प्रवक्ता बुढाथोकीले बताए ।

# राजनीति र प्रशासनमा.....

### सुशासनविना समृद्धि सम्भव छैन

नेपालको राजनीति अब विकास र सुशासनका मुद्दामा गम्भीर बन्नै पर्छ । जसरी कुनै बेला प्रमुख दलहरू पञ्चायती व्यवस्था र राजतन्त्रको अन्त्यका लागि एकजुट भए, त्यसै गरी अब भ्रष्टाचार अन्त्य र शासन प्रणालीको विश्वसनीय पुनर्संरचनाका लागि एकढिक्का हुन जरुरी छ । समृद्धि केवल भाषण र नारामा सीमित हुन छोड्नुपर्छ । सेवा प्रवाह, बजार नियन्त्रण, शिक्षा, स्वास्थ्य, सुरक्षा, रोजगार र पूर्वाधारमा देखिएको चरम कमजोर व्यवस्थापनका लागि सबै तह र निकाय एकैसाथ क्रियाशील हुनुपर्छ ।

### जनताको सहनशीलता सकिँदैछ, सोच

अबका दिनमा शासन सञ्चालन गर्ने नेतृत्व र राष्ट्रसेवक कर्मचारीहरू सबैले स्पष्टसँग बुझ्नुपर्छ- जनताको सहनशीलता सकिँदै छ ।

अबका दिनमा नेपालमा शासन सञ्चालन गर्ने नेतृत्व र र ाष्ट्रसेवक कर्मचारीहरूले छिटोभन्दा छिटो गम्भीररूपमा आत्मसात् गर्नै पर्छ- जनताको सहनशीलता सकिँदै छ । दशकौँसम्म नागरिकले अनगिन्ती कुशासन, भ्रष्टाचार, दोहोरो चरित्र, ढिलासुस्ती र राज्य संयन्त्रको अकर्मण्यता सहँदै आएका छन् । तर अब जनताको संयमता र भरोसा दुवै चुक्दै गएको छ । यो सामान्य चेतावनी होइन, यो आसन्न विस्फोटको संकेत हो ।

राजनीतिक नेतृत्वले 'सत्ता प्राप्ति'लाई मुख्य उद्देश्य बनाउँदै 'सेवा' भन्ने मूल मन्त्रलाई बिर्संदा जनता झनै टाढिँदै छन् । दल र नेतामाथि जनताको विश्वास खस्कँदै गएको छ । स्थायित्व, समृद्धि र सुशासनका नारा वर्षौँदेखि जस्ताको तस्तै छन् तर कार्यान्वयन शून्य । यसले देशलाई फेरि अर्को अस्थिरताको दलदलमा लैजाने संकेत देखिन थालेको छ । जनताले विकल्प खोज्न थालेका छन्, विकल्प नपाउँदा निराशा थपिएको छ अनि यस्तै निराशाबाट विद्रोह जन्मन्छ ।

नेतृत्वले 'सरकार बनाए पछि होलान् केही सुधार' भन्ने अपेक्षा तोड्दै आएको छ । चुनावमा दिएका प्रतिबद्धता सत्तामा पुगेपछि बिर्सिने प्रवृत्तिले राज्यको नैतिक जग हल्लाएको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# विज्ञान संकाय निशुल्क पढाउँदै जनप्रिय

साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ हेटौंडा-१६ हटियास्थित जनप्रिय माध्यमिक विद्यालयले यस वर्षबाट भर्ना भएका सबैलाई विज्ञान संकाय निशुल्क अध्यापन गराउने बताएको छ ।



हेटौंडा उपमहानगर पालिका-१६ ले शिक्षाको विकास र सामाजिक उत्तरदायित्वस्वरुप जनप्रिय माविमा विज्ञान संकाय अध्ययन गर्ने सबैलाई निशुल्क पठनपठनको व्यवस्थापन गर्न लागेको हो । आफ्नो वडामा रहेको नमूना विद्यालय जनप्रिय माविलाई दक्षजनशक्ति उत्पादनको केन्द्र बनाउन यस्तो अभियान सुरु गरिएको उपमहानगरका सामाजिक विकास संयोजक समेत रहेका १६ नं. वडाअध्यक्ष रामकृष्ण कोइरालाले जानकारी दिए । देशमा विज्ञान तथा गणित विषयका जनशक्ति अपुग भएको र शिक्षामा दक्षजनशक्ति भित्राउन यो अभियान उदाहरणीय हुने उनको दाबी छ ।

विज्ञान संकाय सामान्य परिवारका व्यक्तिलाई महङ्गो पर्ने र इच्छा भएर पनि अन्य साधारणधारका विषयतर्फ अध्ययन गर्न बाध्य हुनुपर्ने अवस्थाको अन्त्य गर्न यसलाई धेरै सरोकारवालाले उदाहरणीय कार्यकारुपमा लिएका छन् । जनप्रिय माविका प्रधानाध्यापक भूपेन्द्र चौलागाईँले भौतिक अवस्था र शिक्षाको गुणस्तरमा मध्यनेपालकै हबको रुपमा विकसित हुँदै गएकोले निर्धक्क र निशुल्क विज्ञान संकाय अध्ययन गर्न जनप्रिय माविमा आउन सरोकारवालालई आग्रह गरेका छन् । प्राविधिकधारका बालिविज्ञान, पशुविज्ञान तथा इलेक्ट्रिकल इन्जिनियरिङ विषयमा लामो समयदेखि विज्ञान विषय दक्ष जनशक्तिबाट अध्यापन गराउँदै आएको जनप्रियमा विज्ञान संकाय सञ्चालन गर्न थप जनशक्ति धेरै आवश्यक नपर्ने चौलागाईंको दाबी छ ।

विगतको तुलनामा नतिजामा गुणात्मक सुधार हुँदै गएको जनप्रियमा देशका जुनसुकै भागबाट पनि निशुल्क विज्ञान संकाय अध्ययन गर्न आउन सकिने चौलागाईंको भनाइ छ । जनप्रिय माविले शिक्षा, मानविकी, व्यवस्थापन, बालिविज्ञान ९-१२ तथा प्राविधिकधारका बालीविज्ञान, पशुविज्ञान, इलेक्ट्रिकल इन्जिनियरिङलगायत विभिन्न संकायमा अध्यापन गराउँदै आएको छ । रोजगारी र स्वरोजगारका क्षेत्रमा उल्लेख्य ख्याति कमाउँदै आएको जनप्रिपय माविले यो वर्षबाट वडा कार्यालयको व्यवस्थापनमा विज्ञान संकाय निशुल्क सञ्चालन गर्न लागेको हो ।

जनप्रिय माविले निशुल्क विज्ञान संकाय सञ्चालन गर्न लागेकोमा खुसी व्यक्त गर्दै मकवानपुर बहुमुखी क्याम्पसका उपप्राध्यापक दीपक खरेलले शुभकामना व्यक्त गरे । लामो समय शिक्षाक्षेत्रमा योगदान गरेका शिक्षासेवी रमेशप्रसाद लामिछानेले विपन्न लक्षित दक्षजनशक्ति उत्पादन गर्न जनप्रियले थालेको यो कार्य जति प्रशंसा गरेपनि नपुग्ने धारणा व्यक्त गरे । मकवानपुरकै पूर्वीक्षेत्रको शिक्षा विकासमा लागिपरेका समाजसेवी एवम् ज्योति मावि हर्नामाडीका विव्यस अध्यक्ष हर्क र म्तेलले पनि जनप्रियमा सञ्चालन हुँदै गरेको निशुल्क विज्ञान संकाय सञ्चालन सफलताको शुभकामना व्यक्त गरे ।

रम्तेलले यस्तो पूनित कार्यमा आफूले पनि सक्दो सहयोग गर्ने धारणा व्यक्त गरे । हेटौंडा-१६ निवासी समाजसेवी एवम् जनप्रिय माविका स्रोत खोजी व्यवस्थापन संयोजक कृष्णप्रसाद पनेरुले कक्षा ११ को विज्ञान संकायमा जनप्रियबाट एसइइ उत्तीर्ण गर्ने तथा वडा नं १६ बाट जनप्रिय माविमा विज्ञान विषय पढ्न आउने सबै विद्यार्थीलाई शैक्षिक प्रोत्साहन स्वरुप जनही २ हजार रुपैयाँ प्रदान गर्ने घोषणा गरेका छन् । जनप्रिय माविका व्यवस्थापन समिति अध्यक्ष मोहनप्रसाद बस्ताकोटीले यस कार्यमा लागिपर्ने सबै सम्बद्ध पक्षलाई हार्दिक आभार व्यक्त गर्दै सहयोग र रचनात्मक सुझावका लागि अपिल गरेका छन् ।

# वैदेशिक रोजगारीका लागि विदेशिनेमा महिलाको संख्या बढ्दो



साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ सुरक्षित आप्रवासन सामी परियोजना कार्यक्रमअन्तर्गत सञ्चारकर्मीसँग अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम बिहीबार हेटौंडामा सम्पन्न भएको छ ।

सामि परियोजना मकवानपुरकी संयोजक अञ्जिता थापा मगरले मकवानपुरमा सञ्चालित सामी कार्यक्रमको अवस्था र उपलब्धिबारे प्रस्तुतीकरण दिएकी थिइन् । सुरक्षित आप्रवासन परियोजना (सामी) मकवानपुरले चालू आर्थिक वर्ष २०८१/८२ मा वैदेशिक रोजगारीका लागि पुरुषको तुलनामा महिलाको संख्या बढ्दो रहेको बताएको छ । संयोजक मगरले चालू आर्थिक वर्षको चैतसम्ममा मकवानपुरबाट ३ हजार भन्दा बढी महिला वैदेशिक रोजगारीको लागि विदेशिएको जानकारी दिइन् ।

मकवानपुरमा चालू आर्थिक वर्षको चैतसम्ममा श्रमस्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेहरुमा पुरुष ८ हजार २ सय ५७ र महिला ३ हजार रहेको उनले बताएकी छन् । यसवर्षको चैत मसान्तसम्ममा मात्र ११ हजार २ सय ५७ जनाले मकवानपुरबाट श्रमस्वीकृति लिएर विदेशिएका छन् । यद्यपी तथ्याकंलाई हेर्दा विदेशीनेमा पुरुषको तुलनामा महिलाको संख्या कम देखिएपनि गत वर्षको भन्दा यो तथ्याकं बढ्दो रहेको सामी परियोजना मकवानपुरले जनाएको छ ।

चालू आर्थिक वर्षमा स्रोतकेन्द्रबाट ७ हजार २ सय ६६ जनामा सुरक्षित वैदेशिक रोजगार बारे सूचनाप्रवाह गरिएको र जसमा ८७ प्रतिशतको उद्देश्य वैदेशिक रोजगारीको रहेको उनले बताइन् ।

सामी परियोजनाले मुख्यतया सूचनामा पहुँच, न्यायमा पहुँच, सीप विकास तालिम, मनोसामाजिक परामर्श, वित्तीय र वित्तीय साक्षर तालगायत क्षेत्रमा सेवा उपलब्ध गराउँदै आएको छ । चालू आर्थिक वर्षमा सामी स्रोतकेन्द्रमा १ सय ३३ वटा वैदेशिक घटना प्राप्त भएको र त्यसमध्ये ४७ वटा घटनालाई समाधान गर्न सामी परियोजना सफल भएको संयोजक मगरले जानकारी दिइन् । चालू आर्थिक वर्षमा सामी परियोजनामा ५३ वटा ठगीका घटना आएको र जिल्ला प्रशासन कार्यालय मकवानपुरसहित वैदेशिक रोजगार विभाग कार्यालयको सहजिकरणमा ३२ वटा घटना समाधान गरिएको छ ।

जसमा पीडितपक्षको १५ लाख ८ हजार नगद रुपैयाँ उठेको संयोजक मगरले बताइन् । संयोजक मगरका अनुसार श्रमस्वीकृति लिएर वैदेशिक रोजगारीका लागि गएका श्रमिकको मृत्यु भएको खण्डमा श्रमिकको परिवारलाई वैदेशिक रोजगार बोर्डले १० लाख रुपैयाँ उपलब्ध गराउँदै आएको छ । श्रमिक दुर्घटनामा परी अङ्गभङ्ग भएमा वा विरामी परेमा ७ लाख रुपैयाँ उपलब्ध गराउँदै आएको छ । वैदेशिक रोजगारीका लागि विशेषत सयुक्त अरब इमिरेट्स, साउदी अरेविया, कतार, मलेसिया, कुवेत, क्रोयसिया, रोमानीया, जापान, कोरिया र बहराईनका लागि विदेशिने गरेको बताइएको छ ।

अभिमुखीकरण कार्यक्रममा सामी परियोजनाका फोकलपर्सन भीमप्रसाद तिमल्सिनाले वैदेशिक रोजगारीका लागि जानेहरुले विभिन्न चुनौती खेप्नुपरेको उल्लेख गरे । वैदेशिक रोजगारीमा जाने अधिकांश कामदार अर्धदक्ष र अदक्ष हुँदा नेपाली कामदारले जोखिमपूर्णकार्य गर्नुपर्ने अवस्था रहेको उनले बताए । मकवानपुरमा हाल ६ जना मनोपरामर्शकर्तामार्फत् मनोपरामर्श दिने कार्य भइरहेको छ ।

# शुक्रबार उपमहानगरले सबै सेवा स्थगन गर्ने



साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ हेटौंडा उपमहानगरपालिकाले आफ्ना निर्वाचित जनप्रतिनिधिमाथि भइरहेको निरन्तर आक्रमणप्रति विरोध जनाउँदै शुक्रबार एक दिनका लागि सबै सेवा स्थगन गर्ने भएको छ ।

वडा नं. १ का अध्यक्ष तथा नगरप्रवक्ता सविन न्यौपानेमाथि कार्यकक्षमै मोबिल छ्यापिएको घटना सेलाउन नपाउँदै बिहीबार पुन: वडा नम्बर ४ का अध्यक्ष नवीन सिग्देलमाथि थप्पड प्रहार भएपछि उपमहानगरले यस्तो निर्णय गरेको हो । बिहीबार आयोजित पत्रकार सम्मेलनमा नगर प्रमुख मीनाकुमारी लामाले जनप्रतिनिधि माथिको आक्रमण सह्य नभएको भन्दै शुक्रबार उपमहानगरका सबै सेवा बन्द गर्ने जानकारी दिइन् ।

नगरप्रमुख लामाले भनिन्, 'हाम्रो जनप्रतिनिधिहरु निरन्तर आक्रमणको सिकार भइरहेका छन् । यस्तो असुरक्षित वातावरणमा सेवादिन गाह्रो हुन्छ । त्यसैले हामीले कार्यपालिका बैठकबाट निर्णय गरेर सेवा बन्द गर्ने घोषणा गरेका हौं ।' बिहीबार बिहान वडा नम्बर ४ स्थित हुप्रचौरतर्फको सडक विस्तार का क्रममा अध्यक्ष सिग्देलमाथि निर्माण व्यवसायी मञ्जु लामाले थप्पड प्रहार गरेको प्रहरीले जनाएको छ । सडकको अवस्था र निर्माणको ढिलाइबारे छलफल भइरहेका बेला लामाले भिडियो खिच्न थालेपछि विवाद चर्किएको थियो ।

प्रत्यक्षदर्शीका अनुसार, अध्यक्ष सिग्देलले 'भिडियो नखिच्न' भन्दै मोवाइल रोकेका बेला महिला व्यवसायीले आक्रोशित हुँदै थप्पड हानेकी हुन् । घटनापछि लामालाई प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिएका छन् ।

# हेटौंडा-४ मा डेंगु रोगविरुद्ध सचेतना गरिने

साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ मा डेंगु रोगविरुद्ध सचेतना अभियान-२०८२ आयोजना हुने भएको छ ।



'आफू बचौं र अरुलाई पनि बचाऔं' भन्ने नाराकासाथ असार २० गते शुक्रबार बिहान ६:३० बजे फरेष्ट्री क्याम्पस गेट अगाडिबाट सुरुहुने अभियानमा विभिन्न सामाजिक, स्वास्थ्य तथा शैक्षिक संघसंस्थाको सहकार्य रहनेछ । मोहन बज्राचार्य आधारभूत स्वास्थ्य केन्द्र, टोल विकास वडासमन्वय समिति, शैक्षिक गुणस्तर सुधार समिति, महिला जागरण समूह, सामाजिक अभियान सञ्जाल र नेपाल रेडक्रस सोसाइटी हेटौंडा-४ को सक्रिय सहभागितामा कार्यक्रम सञ्चालन गरिनेछ ।

सचेतनामूलक र्‍याली तथा सरसफाइ लगायतका गतिविधि समेटिएको अभियान हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ कार्यालयको आयोजनामा सञ्चालन गर्न लागेको हो । अभियानले डेंगु रोगको जोखिम न्यूनीकरण तथा समुदायमा जनचेतना अभिवृद्धिमा सहयोग पुर्‍याउन यो कार्यक्रम गरिने आयोजकले बताएको छ ।

**यसवर्ष ६० हजारभन्दा बढीमा डेंगु सङ्क्रमण हुनसक्ने**

यसवर्ष ६० हजारभन्दा बढीमा डेंगु सङ्क्रमण हुनसक्ने आँकलन गरिएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको कीटजन्य शाखाप्रमुख डा. गोकर्ण दाहालले डेंगु फैलने समय आएकोले जतिबेला पनि जुनसुकै ठाउँमा डेंगु सङ्क्रमण तीव्रगतिमा फैलिने हुँदा सचेत हुन आग्रह गरेका छन् । उनका अनुसार साउनदेखि कात्तिक अन्तिमसम्म अत्यधिक मात्रमा डेंगु सङ्क्रमण बढ्ने उच्चजोखिम छ । उनले हालसम्म ७३ जिल्लाबाट १ हजार ६ सयको हारहारीमा डेंगु सङ्क्रमण पुष्टि भएको बताए । प्रमुख दाहालले बिरामीमा लक्षण नदेखिने, डेंगु परीक्षण नगर्ने र परीक्षण भएपनि रिपोर्ट नदिने कारणले डेंगु सङ्क्रमणको तथ्यांक कम देखिएको उल्लेख गरे ।

उनले डेंगु संक्रमण बढ्ने अनुमान गरी आवयक कार्ययोजना बनाई कार्यान्वयनको चरणमा गइसकेको बताए । प्रमुख दाहालले डेंगु नियन्त्रणका लागि सबैभन्दा महत्वपूर्ण भूमिका स्थानीय तहको भएको उल्लेख गर्दै स्थानीय तहसँग आवश्यक समन्वय र सहकार्य भइरहेको जानकारी दिए ।

हेटौंडा उपमहानगरपालिका
**२ नम्बर वडा कार्यालयको**
**अत्यन्त जरुरी सूचना**

हेटौंडा उपमहानगरपालिका वडा नं. २ मकवानपूर उद्योग वाणिज्य संघ चोकदेखि लोकप्रिय होटलसम्मको ओरालोमा पश्चिमतर्फ पाखो भएको र पुर्वतर्फ घर टहरा आदि निर्माण भएको हुंदा पैदलयात्रीहरु हिड्ने स्थान अभाव भई बाध्यात्मक अवस्थामा सडकबाटै हिड्दा दुर्घटनाको संभावना अधिक देखिन्छ । अत: सो क्षेत्र त्रिभुवन राजपथअन्तर्गत पर्ने भएकोमा सडक डिभिजनको क्षेत्रधिकार रहेको र उक्त सडकको Right of way सार्वजनिक सडक ऐन २०३१ बमोजिम ५० मिटरको भएको स्पष्ट नै छ । साथै सडकको विस्तारको काम ढिला हुने देखिएकोले प्रथम चरणमा सडकमा रहेको ढलबाट ३ मिटरभित्र रहेका अस्थाइ घर, टहरा, पर्खाल र पसल कवलहरु सूचना प्रकाशित मितिले १५ दिनभित्र हटाई फुटपाथ निर्माण कार्यका लागि साइट क्लियरेन्स गरि दिनका लागि सो क्षेत्रका घरधनीहरुलाई यो सूचना जारी गरिएको छ ।

**ऋणी सदस्यहरुलाई बिशेष सूचना !**

*आदरणिय ऋणी सदस्य महानुभावहरु,*

आर्थिक वर्ष २०८१/०८२ को साल तमामी नजिकदै गर्दा आ-आफुले उपभोग गरेको कर्जाको सावाँ तथा ब्याज यहि २०८२ आषाढ ३१ गते अगावै बुझाई कर्जा नियमित गराउन एवम् असल ऋणी सदस्यको पहिचान बनाई राख्न हार्दिक अनुरोध गरिन्छ । सहकारी संस्थाहरुको ऋण असुलीका लागी नेपाल सरकारबाट भरखरै राष्ट्रिय सहकारी नियमन प्राधिकरण, ऋण असुली न्यायाधिकरण समेत गठन भइ प्रत्येक सहकारी संस्थाहरुलाई अनिवार्य रुपले कर्जा सूचना केन्द्रमा आवद्धता जनाउन निर्देश गरिसकेको अवस्थामा साल तमामीको अन्त्य सम्म आ-आफुले उपभोग गरेको कर्जाको साँवा ब्याज नबुझाउने वानियमित नगर्ने सदस्यहरुको नामावेशी दुवै विभागमा अनिवार्य रुपले अभिलेख उतार गरी सबै सहकारी संस्थाहरुले आ-आफ्नो संस्थाका सदस्य ऋणीहरुको कर्जाको बिवरण सहित तीनपुस्ते अभिलेख पठाउन र पत्रिकामा प्रकाशित गर्न संस्था बाध्य हुने यसै सूचनामार्फत सम्पूर्ण ऋणीहरुलाई जानकारी गराईन्छ ।

**ग्रिन्डलेज बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-१०, टि.सि.एन. रोड
सम्पर्क नं.०५७-५२६४९५

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना